## कठिन कुराकानीः

सेवकाईमा तपाईं मानिसहरूसँग काम गर्नुहुन्छ। मानिसहरूले तपाईंको सेवकाई र तपाईंको उद्देश्य वर्णन गर्छन्। तपाईं झुण्डका सदस्यहरूसँग मिलेर काम गर्नुहुन्छ। तपाईं मानिसहकहाँ जानुहुन्छ। जब तपाईं मानिसहरूसँग काम गर्नुहुन्छ, तपाईं मानवतासँग काम गरिरहनुभएको हुन्छ। यसको अर्थ यही हो कि त्यहाँ केही हदसम्म हृदयको चूर्णता हुन्छ।

यसको अर्थ हो एक अगुवाले कठिन कुराकानी गर्नुपर्छ। खम्बाहरूमा, हामी झगडा (विवाद) समाधान गर्ने महत्त्वपूर्ण विषयमा धेरै ध्यान दिनेछौं। त्यसको एक भाग अगुवा कडा कुराकानी गर्न तम्तयार हुनु हो। पावलले एफिसी ४ अध्यायमा यसको बारेमा यसरी लेखेका छन्। तिनले भने, “प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढदैजाऔं, जो शिर हुनुहुन्छ।” पावल स्पष्ट भन्छन् कि मानिसहरू ख्रीष्टमा बढ्दै गएर परिपक्व हुने कुरा केही हदसम्म प्रेममा सत्य बोल्नुमा आधारित हुन्छ। यसको अर्थ यही हो कि हामीले कठोर कुराकानी गर्नका लागि आफैलाई तयार गर्नुपर्छ। सहज कुराकानी, दूरदर्शी कुराकानी, रमाइलो कुराकानी मानिसहरूसँग हामीले गर्ने बातचितको हिस्सा हो।

तर कहिलेकहीं हामी कठिन कुराकानीहरू गर्नबाट जोगिन्छौं र हामी त्यसो गर्न सक्दैनौं। पावलले लेखेझैं, कठिन कुराकानीहरूले हामीलाई मानिसहरूलाई ख्रीष्टमा बढ्दै गरेको हेर्ने क्षण दिन्छ। तपाईं कठिन कुराकानीहरूलाई टार्न सक्नुहुन्न। यदि तपाईं धेरै लामो समय पर्खनुभयो भने, कुराकानी कठिन र अझ कठिन हुँदै जान्छ। कठिन कुराकानीहरू आफैआफ, तत्कालै हुन सक्दैनन्, किनकि धेरै पटक जब यस्तो हुन्छ, तपाईं राम्रोसँग तयार हुनुहुन्न। तपाईं यस्तो कुराहरू भन्नुहुन्छ, जुन भनेकोमा तपाईं पछुताउन थाल्नुहुन्छ। कठिन कुराकानीहरू गर्दा तपाईं होसियार हुनुपर्छ, र धेरै विभिन्न विषयहरू निकालेर त्यसमा फस्नुहुँदैन। तपाईं एकाग्रचित्त र आलोचनात्मक हुनुहोस्। मैले यो व्यक्तिसँग कठोर रूपमा बातचित गर्नु आवश्यक छ। म आफैलाई तयार गर्नेछु।

एक अगुवाको रूपमा तपाईंले मानिसहरूलाई हेर्नुपर्छ र तपाईंले एक प्रकारले यस्तो भविष्यवाणी गर्न सक्नुपर्छ, “तिनीहरू त्यत्तातिर जाँदैछन्, तिनीहरू त्यस दिशामा जाँदैछन्, त्यसैले म तिनीहरूलाई राम्रोसँग डोर्‍याउन आफूलाई तयार गर्नेछु, ताकि तिनीहरू बढ्न सकून्।” तर त्यसका लागि कठोर कुराकानी गर्नु आवश्यक पर्छ।

हामीले कठोर कुराकानी गर्दा केही व्यावहारिक कुराहरू निश्चित गर्नुपर्छ जसले हामीले गर्ने कठोर कुराकानीमा ठूलो प्रभाव पार्दछ। यो कुराकानी कहिले गर्नुपर्छ? उदाहरणका लागि, भावनात्मक रूपमा उत्तेजित भएको बेला कठोर कुराकानी गर्नु उचित हुँदैन। त्यो उत्तेजना कम नभएसम्म र मानिसहरू बढी व्यावहारिक नभएसम्म पर्खनुहोस्। यसो गरेर त्यो बातचित गर्दा तपाईं व्यापक जानकारी लिएर कठिन बातचित गर्न सक्नुहुन्छ।

केही कठोर कुराकानीहरू तपाईं पहाडमा हिँड्न जाँदा गर्नु धेरै राम्रो हुन्छ। कुनै-कुनै कठोर कुराकानीहरू अफिसमा गरिनु आवश्यक छ। तपाईं त्यो कहाँ गर्नुहुन्छ, तपाईं त्यो कहिले गर्नुहुन्छ, त्यस कुराकानीमा को-को संलग्न हुन्छन्। कहिलेकहीँ कुराकानीहरू केवल तपाईं र अर्को एक व्यक्ति मात्र सामेल हुनुहुँदैन, तर अर्को व्यक्ति त्यहाँ हुनुपर्छ। यी सबै तपाईंले सञ्चालन गर्न आवश्यक पर्ने कठिन कुराकानीको प्रकारमा आधारित महत्त्वपूर्ण विचारहरू हुन्। हामी त्यहाँ पाइने पाँच प्रकारका कठिन कुराकानीहरू हेर्नेछौं। तपाईंले गर्न लाग्नुभएको कुराकानीको प्रकारमा आधारित भएर तपाईं उद्देश्यमा केन्द्रित रहनु महत्त्वपूर्ण छ। त्यस व्यक्तिका निम्ति तपाईंलाई विभिन्न दिशाहरूमा लैजानु धेरै सजिलो हुन्छ।

त्यस कुराकानीको समय कति लामो हुनुपर्छ, कति छोटो हुनुपर्छ। तपाईं यी सबै परिवर्तनीय कुराहरूको योजना बनाउनुहुन्छ। जब तपाईं कठिन कुराकानी गर्न लाग्नुहुन्छ, तपाईं त्यो व्यक्तिलाई ख्रीष्टको परिपक्वतामा डोर्‍याउन

राम्रो प्रकारले तयार हुनुहुनेछ। यो कठिन कुराकानी भए पनि, कुनै समयमा तिनीहरूले पछाडि फर्केर हेर्नेछन् र कसैसँग प्रेममा सत्य बोल्ने साहस र प्रेम भएकोमा कृतज्ञ हुनेछन्। हामी पाँच प्रकारका कठिन कुराकानीहरू हेरौं। सेवकाईको एक अगुवाको रूपमा तपाईंले आफैलाई कठिन कुराकानीहरूमा संलग्न भएको पाउनुहुनेछ। प्रायः, हामी नै ती सुरु गर्नेहरू हौं, किनकि हामी नै हौं जसले त्यो व्यक्तिलाई वास्ता गर्छौं र त्यो व्यक्तिको जीवनमा के भइरहेको छ सो हेर्छौं। तपाईंले गर्नुहुने पहिलो कठिन कुराकानीलाई म परिवर्तन गर्ने कुराकानी भन्नेछु। त्यो तपाईं त्यस बेला गर्नुहुन्छ जब तपाईंले कसैलाई सेवकाईमा भएको कुनै विशेष भूमिकाबाट हटाउनु पर्छ।

अब, यो अति नै कठिन कुराकानी जस्तो लाग्न सक्छ, र बाहिरबाट हेर्दा यो एक प्रकारको क्रूर काम जस्तो लाग्न सक्छ। तपाईं तिनीहरूलाई कसरी तिनीहरूको भूमिकाबाट हटाउन सक्नुहुन्छ? यस्तो हुनुको धेरैवटा कारणहरू हुन्छन्। कहिलेकहीं तिनीहरू त्यो भूमिकामा स्वस्थ हुँदैनन्। कहिलेकहीं तिनीहरूको जीवनले त्यो भूमिकाका लागि देखाउनु पर्ने परिपक्वता प्रकट गर्दैन। कहिलेकहीं तिनीहरूले त्यत्ति राम्रो काम गरिरहेका हुँदैनन्। अनि मामिला जे भए पनि तिनीहरूलाई त्यो भूमिकाबाट हटाउन आवश्यक छ भनी तपाईं जान्नुहुन्छ। तपाईंले त्यो कुरा बुझेर आफैलाई कठिन कुराकानीका लागि तयार पार्नु जरूरी हुन्छ। अनि जब तपाईं त्यो कुराकानीमा गर्न थाल्नुहुन्छ तब तिनीहरूलाई त्यो भूमिकाबाट हटाउनु, तिनीहरूलाई स्थानान्तरण गर्नु नै उनीहरूको हितमा हुन्छ भनी याद राख्नुपर्छ।

तिनीहरू त्यो भूमिकामा सफल भइरहेका हुँदैनन्। त्यो भूमिकाले तिनीहरूलाई ख्रीष्टको नजिक बढ्न सहायता गरिरहेको हुँदैन। तिनीहरूले आफ्नो वास्तविक वरदानहरू पूरा भइरहेका देख्दैनन्। त्यसैले बाहिरबाट हेर्दा त्यो कठोर, निर्दयी र क्रूर परिवर्तनको कुराकानी जस्तो देखिन सक्छ। वास्तवमा यो त्यस्तो होइन। तिनीहरू आफ्नो भूमिकाबाट हट्नु र तिनीहरू सफल हुन सक्ने अर्को भिन्नै भूमिकामा रहनु तिनीहरूकै हितमा हुन्छ। व्यावहारिक रूपमा कुरा गर्दा, जब तपाईं परिवर्तनमा केन्द्रित कठोर कुराकानी गर्नुहुन्छ, त्यस बेला सामूहिक रूपमा कुराकानी नगर्नु राम्रो हुन्छ। तपाईं तिनीहरूको सुझाउ खोजिरहनुभएको हुँदैन। यो एउटा कुराकानी हुन सक्छ, तर तपाईंले निर्णय गरिसकेपछि त्यो कुराकानी गर्नुपर्छ।

अनि जब तपाईं तिनीहरूसँग कुरा गर्नुहुन्छ, कारण स्पष्ट बताउनुहोस् ताकि तिनीहरूले त्यो बुझ्न सकून्। तिनीहरू निराश हुन सक्छन्, तर कम्तिमा तिनीहरूले कुरा के हो भनेर बुझ्नेछन्। अनि विशेष गरी यदि तिनीहरू जागिरे हुन् भने तपाईंसँग यसका सबै कानुनी तत्वहरू राम्रोसँग व्यवस्थित छन् भनी निश्चित गर्नुहोस्। परिवर्तनकाल एक कठिन कुराकानी हो। अनि धेरै पटक अगुवाहरू धेरै लामो समयसम्म पर्खन्छन्।

धेरै पटक यसलाई क्रूर कार्य भनेर गलत व्याख्या गरिन्छ। तर जब तपाईं कुराकानी गर्न बस्नुहुन्छ, यदि तपाईं तयार हुनुहुन्छ र त्यो परिवर्तन हुनु किन आवश्यक छ भन्ने तपाईंसँग स्पष्ट कारण छ भने, र त्यो वास्तवमा तिनीहरू कै भलाइका लागि हो, त्यसले तिनीहरूलाई सहायता गर्नेछ भनी बताउन सक्नुभयो भने त्यसले त्यो कठिन कुराकानीलाई सकेसम्म प्रभावकारी बनाउन सहायता गर्न सक्छ, किनकि तपाईं तिनीहरूको अर्को समयको सेवकाईमा तिनीहरूलाई संलग्न गर्न सक्नुहुन्छ। तपाईंले गर्नुपर्ने दोस्रो कठिन कुराकानी छ। अनि यो चरित्रमा केन्द्रित कठोर कुराकानी हो।

यो तब हुन्छ जब तपाईंको प्रभाव क्षेत्रमा रहेको कुनै व्यक्ति, झुण्डको सदस्य वा तपाईंले भेटिरहनुभएको कुनै व्यक्ति आफ्नो चरित्रमा परिपक्व हुनु आवश्यक पर्छ। सामान्यतया, यो कुनै व्यक्तिमा हुने व्यवहारको विषयमा हुन्छ। यो एउटा कठिन कुराकानी हो, किनकि तपाईं तिनीहरूलाई इन्साफ गर्दै हुनुहुन्छ। धर्मशास्त्र बाइबलमा एक ठाउँ छ कि अगुवाहरूले मानिसहरूको न्याय गर्छन्। तपाईंले तिनीहरूको मूल्याङ्कन गर्नुहुन्छ। तिनीहरू कहाँ छन् त्यो तपाईं देख्नुहुन्छ। यदि तपाईं वास्तवमा तिनीहरू कहाँ छन् भनेर मूल्याङ्कन गर्नुहुन्न भने तिनीहरूलाई अगाडि

बढन सहायता गर्न सक्नुहुन्न। अनि केही मानिसहरूको व्यवहार खराब हुनेछ। कहिलेकहीँ तिनीहरू आफ्नो जीवनको यही समयमा कठिनाइ भोगिरहेका हुन्छन्।

कहिलेकहीँ तिनीहरू तयार हुँदैनन् र परिवर्तन हुन इच्छुक हुँदैनन्, र कोही तिनीहरूसँग बसेर तिनीहरूका चरित्रको विषयमा प्रेममा सत्य बोल्नु आवश्यक हुन्छ। यो साँच्चै महत्त्वपूर्ण हुन्छ, जसको निम्ति हामीले तयारी गर्नुपर्छ, किनकि जब तपाईं मानिसहरूसँग उनीहरूको चरित्रमा सुधार गर्ने बारेमा कुरा गर्नुहुन्छ, तब तिनीहरूले आफू तिरस्कृत भएको महसुस गर्नेछन्। अनि चरित्रमा आधारित यो कठोर कुराकानी विरलै यो एकल कुराकानी हुन्छ।

परिवर्तनसम्बन्धी कुराकानी प्रायः एकल कुराकानी हुन्छ, तर चरित्रसम्बन्धी कुराकानी धेरै पटक गरिन्छ। त्यसैले, त्यो पहिलो कुराकानीमा, तपाईंले सबै कुरा समेट्ने कोसिस गर्नुहुँदैन। तपाईं तिनीहरूलाई तिनीहरूको चरित्रका केही असल अभ्यासहरू सुरु गर्न कसरी संलग्न गराउन सक्नुहुन्छ भन्ने कुरामा ध्यान केन्द्रित गर्नुहुन्छ।

व्यावहारिक रूपमा, जब तपाईं तिनीहरूलाई भेट्नुहुन्छ, तब तपाईंले धर्मशास्त्रको वचन प्रयोग गर्दैहुनुहुन्छ भनी निश्चित हुनुहोस्, यसो गरेर तपाईं उसलाई यो केवल तपाईंको विचार होइन भन्दै तिनीहरूले कसरी बढ्न आवश्यक छ भनी धर्मशास्त्रको वचन देखाउन सक्नुहुन्छ। तिनीहरूले कहिले चरित्रसम्बन्धी समस्याहरू देखाएका छन् भन्ने विषयमा तपाईं स्पष्ट, जीवन्त उदाहरणहरू लिएर आउने निश्चित गर्नुहोस्। त्यसपछि त्यो परिपक्वता किन छैन भनेर बुझ्न प्रश्नहरू गर्नुहोस्। जब तपाईं पहिलो कुराकानीमा तिनीहरूसँग बस्नुहुन्छ, तपाईं यसो भन्दै कुरा स्पष्ट पार्नुहुन्छ, "हामी यस विषयमा कुरा गर्नेछौं।"

अनि तपाईंले हालैका दिनहरूमा ती कुराहरू प्रकट भएको देख्नुभएको छ भन्ने कुराको विशेष उदाहरणहरू, साथै धर्मशास्त्र बाइबलका वचनहरू पनि दिनुहुनेछ। तपाईं केवल दोष लगाउने तरिकाले त्यो गर्नुहुन्न, तापनि तपाईं तिनीहरूको मूल्याङ्कन गर्दै हुनुहुन्छ। तपाईं प्रेममा सत्य बोल्दै हुनुहुन्छ र तिनीहरूलाई त्यो कुराकानीमा आमन्त्रित गर्दै हुनुहुन्छ, साथै त्यो कुराकानी धेरै पटक हुनेछ भनी जान्नुहुन्छ, तर तपाईं तिनीहरूको चरित्रसँग व्यवहार गर्न लाग्नुभएको हुन्छ। अनि त्यो एक कठिन कुराकानी हो।

त्यहाँ तपाईंको निम्ति तेस्रो कठिन कुराकानी छ जुन महत्त्वपूर्ण छ। यो त्यस बेला हुन्छ, जब तपाईं समस्या समाधान गर्ने कुराकानी गर्नुहुन्छ। यो कुराकानी प्रायः सेवकाई झुण्डका सदस्यहरूसँग हुन्छ। तपाईंहरू सेवकाईमा सँगै काम गरिरहनुभएको हुन्छ, र त्यहाँ समस्या हुन्छ। केही प्रभावकारी भएको हुँदैन। तिनीहरूले नेतृत्व गरिरहेको जुनसुकै कार्यक्रम सफल भइरहेको हुँदैन। त्यसैले तपाईंले कठिन कुराकानी गर्नुपर्ने हुन्छ, जुन बेला तपाईं ती अगुवासँग रणनीति र कार्यक्रमको बारेमा चर्चा गर्नुहुनेछ। इमानदारीपूर्वक भन्नुपर्दा, सबै कठिन कुराकानीहरूमध्ये, यो सायद सबैभन्दा सहज छ, किनकि यो तिनीहरूको बारेमा हुँदैन, तर यो काम र कार्यक्रमको बारेमा हुन्छ। तर धेरै पटक, यो कठिन कुराकानीहरू मध्ये सबैभन्दा सहज भए पनि, अगुवाहरू यो गर्न हिचकिचाउँछन्। यदि तपाईंले यो कठिन कुराकानी गर्न धेरै समय पर्खनुभयो भने, केही कुराहरू हुनेछन्। त्यो व्यक्ति झन्-झन् भ्रममा पर्दै जानेछ।

तिनीहरू झन्-झन् हताश हुँदै जानेछन्। धेरै पटक, ती व्यक्तिहरूले आफ्नो अगुवा पदबाट राजीनामा दिन्छन्, किनकि हामीले उनीहरूले सामना गरिरहेको समस्याको रणनीतिक रूपमा समाधान गर्न सहायता गर्नलाई कठिन कुराकानी गरेका हुँदैनौं, वा तिनीहरूले आफैले समाधान खोज्ने कोसिस गर्नेछन्, जसले समस्या झनै खराब हुनेछ। त्यसैकारण तपाईंले समस्या समाधानमा केन्द्रित यो कठिन कुराकानी गर्नुपर्छ। जब तपाईं यो कुराकानी गर्नुहुन्छ, त्यसलाई व्यक्ति-केन्द्रित होइन,कार्यक्रम-केन्द्रित बनाउनुहोस्। त्यसलाई तिनीहरूलाई र तिनीहरूको अगुवापनको विषय नबनाउनुहोस्। बरु कार्यक्रम र कार्यक्रमले के गर्न खोजिरहेको छ भन्ने विषय बनाउनुहोस्।

यसले तिनीहरूलाई तपाईंसँग सहभागी हुन बाध्य पार्नेछ। तपाईं दुवैले एउटै उद्देश्यमा काम गरिरहनुभएको हुन्छ। तपाईं दुवैले एउटै कारणमा काम गरिरहनुभएको हुन्छ। यदि नेतृत्वको समस्या छ भने, त्यो फरक कठिन कुराकानी हो, जुन तपाईंले गर्नुपर्छ। तर यो कठिन कुराकानीमा तपाईं कार्यक्रमको बारेमा कुरा गर्न तयार भएर जानुहुन्छ। व्यावहारिक रूपमा यो कुराकानीलाई सँगै मिलेर गर्ने कार्य बनाउनुहोस्।

कुराकानी गर्नुअघि नै उनीहरूलाई यसो भन्नुहोस्, "सुन्नुहोस् त, म यस कार्यक्रममा हामीले गरिरहेका केही संघर्षहरूको बारेमा तपाईंसँग कुरा गर्न चाहन्छु।" बहुवचन सर्वनाम "हामी" प्रयोग गर्नुहोस्, "तपाईं" होइन। यसो गर्दा उनीहरूले तपाईं उनीहरूसँग मिलेर त्यो समस्या समाधान गर्न र जे भइरहेको छ त्यो मिलाउन सहायता गर्नका निम्ति त्यहाँ हुनुहुन्छ भनी बुझ्नेछन्। जब तपाईंसँग यो कठिन कुराकानी गर्नुहुन्छ, तिनीहरू यसका लागि उत्सुक हुनेछन्। यो मात्र यस्तो एउटा कुराकानी हुन सक्छ जसमा साँच्चै उत्सुक हुन्छन्, किनकि तपाईं तिनीहरूलाई आशिष् दिइरहनुभएको हुन्छ। तपाईं प्रेममा सत्य बोलिरहनुभएको हुन्छ, र सँगसँगै मिलेर तपाईंहरू एउटा समाधान खोज्दै हुनुहुन्छ जसले तिनीहरूलाई धेरै सफल र बढी सन्तुष्ट महसुस गराउँछ र आफ्नो काममा राम्रो गर्ने बनाउँछ।

चौथोचाहिँ कठिन कुराकानी हो। म यसलाई गल्तीहरू स्वीकार गर्ने कठिन कुराकानी भन्दछु।

यो त्यतिबेला हुन्छ जब तपाईंले कसैलाई सुन्नुपर्छ र पाप स्वीकार गर्न आमन्त्रित गर्नुपर्छ। यो कुराकानी त्यस बेला गरिन्छ, जब तपाईंले सुन्नुपर्छ अनि कसैलाई उसको पाप स्वीकार गर्नका निम्ति बोलाउनुपर्छ। खेदको कुरा, प्रायः मानिसहरू आफ्ना पापहरू स्वीकार गर्न हामीकहाँ आउँदैनन्।

तिनीहरूलाई यस्तो ठाउँमा ल्याउनुपर्छ जहाँ तिनीहरूले पाप स्वीकार गर्नेछन्। धेरै पटक, एक अगुवाको रूपमा तपाईंले यो व्यक्तिले कुनै क्षेत्रमा संघर्ष गरिरहेको छ भन्ने महसुस गर्नुहुन्छ। तिनीहरूले यस क्षेत्रमा संघर्ष गरिरहेका छन् भन्ने तपाईंलाई स्पष्ट ज्ञान हुन सक्छ। तपाईं तिनीहरूलाई पूरा वास्ता गर्ने व्यक्ति हुनुपर्छ, अनि तिनीहरूका जीवनमा भएको पापको विषयमा तपाईं तिनीहरूसँग प्रेममा प्रेममा सत्य बोल्नुपर्छ। यो गर्नका निम्ति तपाईंमा अनुग्रह गर्ने हृदय हुनुपर्छ। हामी सधैं कठोर कुराकानी, अनुग्रह र सत्यमा बोल्ने बारेमा कुराकानी गर्दछौं।

येशूले अनुग्रह, सत्य र समयको बारेमा एउटा दृष्टान्त भन्नुभयो। त्यहाँ एक दाखबारीको मालिक छ, जसको एउटा अञ्जीरको बोट छ र त्यो मालिकले भन्छ, "यो रूखले फल फलाएको छैन। यसलाई काटेर ढालिदे।" दाखबारीको मालीले मालिकलाई हेर्दै भन्छ, "मलाई अझ एक वर्षको समय दिनुहोस्। यो रूखलाई फलदायी बनाउन मलाई अझ एक वर्षको समय दिनुहोस्।"

येशूले आफ्ना अनुयायीहरूलाई अनुग्रह र सत्यता पनि यस्तै हो भनी सिकाउँदै हुनुहुन्छ। यो अनुग्रह, सत्यता र समय हो। मलाई अझै एक वर्ष दिनुहोस्। पाप स्वीकार गराउने सम्बन्धी कठिन कुराकानी केवल अनुग्रह र सत्य मात्र होइन, तर कहिलेकहीं तिनीहरूलाई त्यस कुरामाथि विजय पाउन र त्यसबाट पार भएर जानका निम्ति समय चाहिन्छ। यो कुराकानी त्यो बिन्दुबाट सुरु हुँदछ जहाँ विनम्रता र पाप स्वीकृति हुन्छ। व्यावहारिक रूपमा, जब तपाईं पाप स्वीकार गर्न लाउने कुरामा केन्द्रित भएर कठोर कुराकानी गर्नुहुन्छ, तब प्रश्नहरू सोध्नुहोस्।

त्यो पापको गहिराइमा जानुहोस्। धेरै पटक पाप तनाउ वा चिन्ता वा डरको परिणामस्वरूप आउँछ। येशूसँगको तिनीहरूको सम्बन्धमा कुन कुरा गुमेकोले तिनीहरू पाप गर्न बाध्य भइरहेका हुन्छन्? त्यो जानकारीमा ध्यानमा राख्नुहोस्। यदि त्यो पाप विशेष प्रकारको छ र तपाईं एक पुरुष हुनुहुन्छ र त्यो व्यक्ति एक महिला हुन् भने त्यस कुराकानीमा अरू मानिसहरूलाई पनि सामेल गर्ने सुनिश्चित गर्नुहोस्। धेरै पटक त्यस प्रकारको कुराकानीमा अर्को विश्वसनीय आत्मिक अगुवाको चाहिन्छ। यो धेरै कठिन कुराकानी हो, तर अगुवाहरूको रूपमा यो आवश्यक

हुन्छ। हामी त्यो कुराकानी गर्ने जिम्मेवारी लिन्छौं। वास्तवमा त्यस कुराकानीको एक हिस्सा पहिलेबाटै भइसकेको हुन्छ, जुन बेला तपाईं परीक्षाको विषयमा कठोर कुराकानी गर्नुहुन्छ।

हामीले परीक्षाको विषयमा कुराकानी नगरेकाले, त्यसलाई सम्बोधन नगरेकाले कति पटक त्यसले पापतिर डोर्‍याउँछ। पछिल्लो समय कहिले तपाईंको झुण्डले "अहो, मलाई यस कुरामा परीक्षा भइरहेको छ" भन्ने विषयमा कुराकानी गर्नुभएको थियो। हामीले परीक्षाको बारेमा अझ कठोर कुराकानी गर्नुपर्छ भन्ने कुराको एक उदाहरणको रूपमा येशूले उहाँलाई कुन कुराद्वारा परीक्षा भइरहेको छ भनी संसारलाई बताउनुभयो, जसले हामीलाई परीक्षामा केन्द्रित कठोर कुराकानी गर्न सहायता गर्दछ।

अब अर्को तपाईंले गर्नैपर्ने पाँचौं र अन्तिम कठोर कुराकानी छ। यो त्यस्तो बातचित हो, जब कोही बोल्दाबोल्दै तपाईंले हस्तक्षेप गर्नुपर्छ। तपाईंले आफ्नो झुण्डको एक सदस्यले अर्कोसँग बातचित गरिरहेको सुन्नुहुनेछ, र तिनीहरूले निन्दाचर्चा गरिरहेका हुन्छ, जुन बेला तपाईंले हस्तक्षेप गर्न सक्नुहुन्छ।

धेरै पटक, हामी त्यो क्षणमा हस्तक्षेप गर्नु अप्ठ्यारो मानेर त्यसलाई धेरै छोडिदिन्छौं, तर हामी त्यस्तो अगुवा हुनुपर्छ जसले एक व्यक्तिले काम गरिरहँदा उसलाई बीचैमा रोक्छ, र प्रेममा सत्य बोल्छ, ताकि तिनीहरूले जे गरिरहेका छन् त्यो अझै नगरून्। त्यो एउटा यस्तो कठिन कुराकानी हो, जुन त्यस क्षणमा हुन्छ जसको तपाईंले कुनै पनि योजना बनाउनुभएको हुँदैन।

यो कुराकानी ठूल्ठूला समस्याहरू होइन तर ससाना समस्याहरूसित सम्बन्धित भएकाले यो धेरै महत्त्वपूर्ण हुन्छ। तर ससाना कुराहरूद्वारा संस्कृति बन्दछ। यदि झुण्डको एक सदस्यले अर्को सदस्यसँग निन्दाचर्चा गर्दैछ वा सेवकाईको अर्को पक्षको बारेमा नकारात्मक कुरा गर्दैछ, र यदि तपाईंले बिचैमा तिनीहरूका कुरा काट्दै, "सुन्नुहोस् साथी हो, यस्तो कुराले परमेश्वरको महिमा हुँदैन" भन्नुभयो भने तपाईंले झुण्डको संस्कृति र मूल्य-मान्यताहरू बनाउने मौकार लिइरहनुभएको हुन्छ। यदि तपाईंले कठोर कुराकानीद्वारा तिनीहरूलाई हस्तक्षेप गर्नुभएन भने यो झन् खराब हुनेछ।

यदि उनीहरूमा भएको सानो अनुचित व्यवहार अहिले नै रोकिएन भने यो बढेर जानेछ।

व्यावहारिक रूपमा कुरा गर्दा, जब तपाईं अनुचित काम गरिरहेको कसैलाई हस्तक्षेप गर्दै उसित कठोर कुराकानी गर्नुहुन्छ, तब त्यो कुराकानी छोटो र स्पष्ट बनाउनुहोस् र अन्त्यमा प्रेमपूर्वक त्यसमा जोड दिनुहोस्, ताकि तिमीहरूलाई त्यो कुरा बुझाउन भन्नुहोस्, "साथी हो, हामी एक पारदर्शी(कुनै कुरा नलुकाउने) झुण्ड हुनेछौं। हामी सत्य बोल्ने झुण्ड हुनेछौं, र हामी एकअर्कालाई प्रेम गर्दछौं।"

जब तपाईं मानिसहरूसँग काम गर्नुहुन्छ, तिनीहरूले संघर्ष गर्नेछन्। तपाईंले संघर्ष गर्नुपर्नेछ।

अनि यसको अर्थ हो, कि पावलले एफिसीको पत्रमा भनेझैं एक अगुवाको रूपमा यदि हामीले उनीहरूलाई परिपक्वतामा बढ्न सहायता गर्ने हो भने हामीले उनीहरूसँग कठोर कुराकानी गर्नुपर्नेछ। उनीहरूका लागि तयार हुनुपर्छ। तिनीहरू आउँदैछन् भनी जान्नुहोस् र तिनीहरू अगुवाहरूको समूहको हिस्सा हुन् जसले मानिसहरूलाई बढ्न सहायता गर्दछन्।

अनि मेरो अन्तिम टिप्पणी यो हो। तपाईंको जीवनमा यस्ता व्यक्तिहरू छन् जो तपाईंसँग कठोर कुराकानी गर्न इच्छुक छन् भनी सुनिश्चित गर्नुहोस्, किनकि अगुवाहरूको रूपमा हामी पनि सेवा गर्नेहरू जत्तिकै मानिस हौं।

त्यस्ता व्यक्तिहरू छन् भनी सुनिश्चित गर्नुहोस्, जसलाई तपाईंले यसो भन्ने अनुमति दिनुभएको छ, "सुन्नुहोस्, यदि तपाईं मसँग कठोर कुराकानी गर्न आवश्यक छ भने, म तपाईंलाई त्यसो गर्ने अनुमति दिनेछु।" त्यसपछि हामी सबै पावलले भनेका जस्तो ख्रीष्टमा परिपक्वतातर्फ बढ्नेछौं।

हामी मानव जातिसँग काम गर्छौं। हामी मानव जाति हौं। यसको अर्थ यो हो कि हामी यी कठिन कुराकानीहरू ठूलो उद्देश्य, ठूलो बुद्धिसहित, पवित्र आत्माको अगुवाइमा गर्न इच्छुक हुनुपर्छ, यो जानेर कि ती कठिन र अप्ठ्यारा हुन्छन्, कहिलेकहीं तिनीहरूले तुरुन्तै काम नगर्न सक्छन्, हामी त्यो व्यक्तिको जीवनको क्षेत्रमा पाइला टेकेर प्रभुप्रति र त्यस व्यक्तिप्रति विश्वासी हुन्छौं र उनीहरूसँग कठिन कुराकानी गर्दछौं जसले उनीहरूलाई परिपक्वतातर्फ डोर्‍याउँछ।